# गैर सरकारी संस्था महासंघ-नेपाल

# NGO Federation of Nepal

## जिल्ला शाखा दोलखा

District Chapter Dolakha

मितिः २०७१।५।१२

माननीय मन्त्री,
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार काठमाडौं
मार्फत
कार्यकारी अधिकृतज्यू,
भीमेश्वर नगरपालिका
चरिकोट, दोलखा

**बिषय: सामाजिक परिचालन कार्यक्रम स्थगन गर्न ज्ञापन पत्र बारे ।**

स्थानीय विकास र शासन अभ्यासमा सुधार ल्याउने उद्देश्यले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले विगत ६ बर्षदेखि स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) संचालन गर्दै आएको कुरा हामी सबैलाई जानकारी नै छ । उक्त कार्यक्रम अन्तरगत स्थानीय तहमा सामाजिक परिचालन र स्थानीय सुशासन प्रर्बधनको लागि गैससहरुसँग मन्त्रालयले साझेदारी गर्दै आएको हो । उक्त कार्यक्रमको पहिलो चरण समाप्त भएको अवस्थामा गैससहरुले नियुक्ति दिएका सामाजिक परिचालकहरुलाई जिल्ला विकास समितिमा सार्ने काम भयो । त्यस कार्य गैससहरुको स्वायत्तता माथिको हस्तक्षेप थियो । यस विषयमा गत वर्ष महासंघले जिम्मेवार अधिकारीसँग सम्वाद गर्दा मन्त्रालयबाट कमजोरी हुन गएको स्वीकार गरिएको थियो ।
हाल कार्यक्रमको दोश्रो चरणमा प्रवेश गरेको छ । सामाजिक परिचालनको कार्यविधिहरु तयार गर्दा गैसस महासंघ नेपालसँग परामर्श गर्ने वाचा समेत मन्त्रालयले पालना गरेन जुन लोकतन्त्र र सुशासनको मुल्य मान्यता भन्दा परको कुरा हो । हालै मात्र स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रमले सामाजिक परिचालन कार्य विधि बाहिर ल्याएको छ र जिल्ला तथा

नगरमा सामाजिक परिचालन कार्यक्रम अगाडि बढाउन कानूनी मान्यता प्राप्त संस्थाहरुबाट आसय पत्र पेश गर्न सूचना गरिएको छ । सामाजिक परिचालन कार्यक्रमको लागि आवश्यक सामाजिक परिचालकहरुको नियुक्ति सम्बन्धित गैससले दिने भनिएको छ । तर उनीहरुको मासिक पारिश्रमिक तथा सुविधा जिविस तथा नगरपालिकाले सिधैं उनीहरुलाई उपलब्ध गराउने भनिएको छ । एउटा संस्थाले नियुक्ति दिने अर्को संस्थाले सिधै पारिश्रमिक भुक्तानी दिने यो कसरी हुन सक्छ ? सिधैं भुक्तानी जिविस नगरपालिकाले दिने भएपछि ती सामाजिक परिचालकहरु सम्बन्धित गैससप्रति कसरी जवाफदेही हुन्छन् ? त्यसैगरी सामाजिक परिचालकलाई जिविस तथा नगरपालिकाले सिधै बर्खास्त गर्न सक्ने ब्यवस्था गरिएको छ । यो गैससहरुको स्वाभिमान र स्वायत्तता माथिको हस्तक्षेप हो । यस खाले कुनै पनि नीति, ब्यवस्था र ब्यवहार नेपाली गैससहरुलाई स्वीकार्य हुन सक्दैन । सामाजिक परिचालनको कार्यविधिले निजी कम्पनीलाई प्रोत्साहन गर्ने र सामाजिक संस्थाहरुलाई निरुत्साहित गर्ने निश्चित छ । सामाजिक संस्थाहरुलाई सामाजिक रुपान्तरण र विकास कार्यमा निरुत्साहित गर्ने भन्ने कुरा सरकारले विश्वब्यापी सन्धी सम्झौता र प्रबिद्धताको भावना विपरित हो भन्ने हाम्रो ठहर छ ।

त्यसैले महासंघले उठाएका बिषयहरुमा समझदारी नभएसम्म स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तरगत सामाजिक परिचालन कार्यक्रमको लागि मिति २०७१।०५।०३ को सूचना मार्फत आह्वान गरिएको सम्पूर्ण प्रक्रिया यथासिघ्र रोक्नका महासंघ अनुरोध गर्दछौं । साथै नाफारहित गैससहरुलाई व्यापारिक संस्थालाई जस्तो गरी मूल्य अभिवृद्धि करमा दर्ता गर्न अप्रत्यक्ष दबाब दिएकोप्रति यस महासंघको ध्यानाकार्षण भएको छ । उक्त सूचनामा प्रस्ताव पत्रसाथ मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्र माग गरेकाको उल्लेख भएकोमा त्यसलाई खारेज गरी पान नं.लाई विगतमा झैं मान्यता दिन अनुरोध गर्दछौं ।

(राजु थापा)
कार्यबाहक अध्यक्ष